# HIMALAYA COLLEGE OF ENGINEERING

(Affiliated to Tribhuvan University)

Ref. No.:

मितिः २०८२/०४/२७

श्रीमान प्रबन्ध निर्देशकज्यू,
**PEA Association**
थापाथली, काठमाण्डौं ।

## विषय : बि.ई./बि.आर्क तहको नमुना परीक्षा संचालन गर्ने वारे ।

महोदय,

उपरोक्त सम्वन्धमा यस शैक्षिक बर्ष २०८२ का लागि त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ्ग अध्ययन संस्थान लगायत अन्य विश्वविद्यालयका लागि स्नातक तहको प्रवेश परीक्षामा सामेल हुन चाहने विद्यार्थीहरुलाई टेवा पुगोस भन्ने हेतुले त्यस **PEA Association** मा अध्ययनरत विद्यार्थीहरुलाई यस कलेजले मिति २०८२ भाद्र १ गते आइतवारका दिन **११:०० बजेदेखि १:०० बजेसम्म** हुने **B.E./B.Arch Entrance Model Exam** सञ्चालन गर्ने निर्णय भएको हुँदा सम्बन्धित विद्यार्थीहरुलाई सूचित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु। साथै उक्त मोडेल परीक्षामा सम्मिलित विद्यार्थीहरुको हौसला अभिबृद्धि गर्न निम्न अनुसारको छात्रवृत्ति तथा प्रोत्साहन पुरस्कार ब्यबस्था गरिएको ब्यहोरा समेत अनुरोध गर्दछु ।

१. प्रोत्साहन पुरस्कारको हकमा यस कलेजले संचालन गर्ने मोडेल परीक्षामा सर्वोकृष्ट स्थान हासिल गर्ने १ जना विद्यार्थीलाई **Laptop** प्रदान गरिनेछ । उक्त पुरस्कार प्राप्त गर्न त्रि.वि., इन्जिनियरिङ्ग अध्ययन संस्थानल लिने बि.ई./बि.आर्क प्रवेश परीक्षा–२०८२ मा १००० **Rank** भित्र पर्नुपर्ने छ ।

२. यस कलेजमा संचालन हुने नमुना परीक्षामा सम्मिलित विद्यार्थीहरु मध्येबाट प्रथम २० उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थीहरुलाई यस कलेजमा अध्यापन हुने प्रत्येक कार्यक्रममा ५/५ जनालाई **IOE** ले प्रदान गर्ने नियमित सरहको छात्रवृत्ति प्रदान गरिनेछ । उल्लेखित छात्रवृत्ति प्राप्त गर्न विद्यार्थीहरुले **IOE** ले लिने बि.ई./बि.आर्क प्रवेश परीक्षा–२०८२ मा तपशिलको **IOE Rank** भित्र पर्नुपर्नेछ ।

| S.N. | Program | IOE Rank |
|---|---|---|
| 1 | BE Computer | 1500 |
| 2 | BE Civil | 2000 |
| 3 | BE Electronics, Communication & Information | 2500 |
| 4 | B. Architecture | 3000 |

३. यस कलेजमा संचालन हुने नमुना परीक्षामा सम्मिलित विद्यार्थीहरु मध्येबाट **IOE** ले लिने बि.ई./बि.आर्क प्रवेश परीक्षा–२०८२ मा ३००० **Rank** भित्र पर्ने विद्यार्थीहरुलाई विभिन्न **Program** हरुमा ५० प्रतिशत सम्मको छात्रवृति प्रदान गरिनेछ ।

४. उक्त नमुना परीक्षामा सम्मिलित उत्कृष्ट २०० **Rank** भित्र पर्ने विद्यार्थीहरुलाई **B.Sc.CSIT** र **BCA** कार्यक्रममा ५० प्रतिशत सम्मको छात्रवृति प्रदान गरिनेछ । उक्त छात्रवृति प्राप्त गर्न सम्बन्धित डीनको कायालयले लिने प्रवेश परीक्षामा ७०० **Rank** भित्र हुनुपर्नेछ ।

**मोडेल परीक्षा संचालन हुने दिन PEA Association, थापाथलीबाट यस कलेजसम्म विद्यार्थीहरु ल्याउन तथा परीक्षा सकिएपछि लैजानको लागि कलेज बसको व्यवस्था गरिएको छ ।**

..............................
**ई. अशोक जि.एम.**
**संयोजक, भर्ना समिति २०८२**